नयाँ भवन निर्माणको DPR तयार गर्न परामर्शदाताको लागि कार्यशर्तहरु (TOR)

१. यस जि.स.स.को कार्यालयको नाममा रहेको जग्गाभित्र नयाँभवन निर्माणका लागि DPR तयार गर्नु पर्ने छ ।
२. यस जि.स.स.कोकार्यालयको जग्गा प्राविधिक रुपमा एकिन गरी आयोजना स्थलको माटो परिक्षण,माटोको प्रविधिको आधारमा विस्तृत ड्रईङ्ग डिजाईन तथा लागत अनुमान तयार,राष्ट्रिय भवन संहिता तथा भवननिर्माण मापदण्ड पालना, आदि गर्नु पर्नेछ ।
३.यस कार्यालयका लागि दूई वटा भवन निर्माण गर्नु पर्नेछ ,यसमा :
क) प्रशासकीय भवन :
पहिलो तला : प्रमुख, उपप्रमुख एवं सदस्यहरुको कार्यकक्ष सहित ५० जना सम्म अट्ने सानो हल सहितको कोठा बनाउनु पर्ने ।
साथै,शौचालय,प्रतिक्षालय, आपतकालिन कार्य संचालन केन्द्र,ग्यारेज र कम्पाउण्ड वाल समेत बनाउनु पर्ने ।
दोस्रो तला : प्रशासकीय प्रमुख, उपप्रमुखएवं कर्मचारीहरुको कार्यकक्ष सहित २५ जनासम्म अट्ने सानो हल सहितको कोठा बनाउनु पर्ने ।
तेस्रो तला : प्रमुख,उपप्रमुख एवं सदस्यहरुको लागि आवासको व्यवस्था ।
चौथो तला : प्रशासकीय प्रमुख एवं कर्मचारीहरुको लागि आवासको व्यवस्था ।
पाँचौ तला :कार्यालयको स्टोर तथा पुस्तकालय ।
ख) अतिथि गृह :
पहिलो तला : व्यापारिक प्रयोजनका लागि हुने गरि सटर सहितका कोठा तयार गर्नु पर्ने। साथै शौचालय,प्रतिक्षालय,आपतकालिन कार्य संचालन केन्द्र,ग्यारेज र कम्पाउण्ड वाल सहित बनाउनु पर्ने ।
दोस्रो तला : विशिष्ट पाहुना वस्न योग्यकक्षहरुको व्यवस्थापन ।
तेस्रो तला : अति विशिष्ट पाहुना वस्न योग्यकक्षहरुको व्यवस्थापन ।
चौथो तला : प्रशासकीय कक्ष,पुस्तकालय,योगा/व्यायम/जीम लगाएतका कक्षहरुको व्यवस्थापन ।
पाँचौ तला : कर्मचारीहरुको लागि आवासको व्यवस्था ।
४. विस्तृत आयोजना प्रतिवेदन DPR को ढाँचा देहायअनुसार अनुसरण गर्नु पर्दछ :

- क्षेत्रगतविश्लेषण
- आयोजनाको परिचय
- आयोजनाको विस्तृत अध्ययन,अनुसन्धान तथा सर्वेक्षण
- विस्तृत इन्जिनियरिङ्ग डिजाइन
- विस्तृत लागतअनुमान
- आर्थिक र वित्तीय विश्लेषण
- वातावरणीय र सामाजिक विश्लेषण
- विस्तृत वित्तीय योजना
- विस्तृत कार्ययोजना
- विस्तृत खरिद योजना
- विस्तृत कार्यान्वयन योजना
- संचालन तथा मर्मत ढाँचा
- जोखिम व्यवस्थापन योजना

५. विस्तृत आयोजना प्रतिवेदन DPR यस कार्यालयलाई अंग्रेजी तथा नेपाली भाषामा hard copy 2/2 प्रतितयार गरी सोको soft copy सहित उपलब्ध गराउनु पर्दछ ।
६. स्थानीयतहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ मा उल्लेख विषय अनुशरण गर्न सकिनेछ ।
७.उक्त कार्यक्रमका लागि जिल्ला सभावाट निर्धारण भएको बजेट वमोजिम खर्च गरिनेछ ।
८. विषय विज्ञ सहितको परामर्शदाता संग छुट्टै सम्झौता गर्ने र जि.स.स.को कार्यालयबाट परामर्शदाताको प्रतिवेदन स्विकृत भए पश्चात तोकिएको एकमुष्ट रकम उपलब्ध गराईनेछ ।
९. उक्त परामर्श सम्वन्धी कार्य जि.स.स.को कार्यालयबाट सार्वजनिक खरिद कानुन वमोजिम संचालन गरिनेछ ।
१०. जि.स.स.को कार्यालयबाट परामर्शदातालाई दिइएको निर्देशन पालना गर्नु पर्नेछ ।